छलफल तथा निर्णय

१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तर्फबाट दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल (SIA) सम्बन्धी प्रस्तुतिकरण र छलफल भयो ।

२. राष्ट्रिय विकास समस्या समाधान समितिको ४१औं बैठकको निर्णय कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट तयार गरिएको सम्बन्धित क्षेत्र हर्नुहुने माननीय सदस्यज्यूको नेतृत्वमा जिम्मेवार महाशाखासमेत उल्लेख भएको कार्ययोजना कार्यान्वयनमा लैजाने ।

३. स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को बुँदा नं. १७ को तथ्याङ्क कार्यालय सम्बन्धी व्यवस्थाका सम्बन्धमा राष्ट्रिय तथ्याङ्कीय कार्यप्रणालीका लागि हाल जिल्लास्तरमा रहेका तथ्याङ्क कार्यालयहरु केन्द्रीय तहकै अङ्गका रुपमा रहनुपर्ने भएको हुँदा सोही अनुसार व्यवस्था गर्न केन्द्रीय तथ्याङ्क विभागले कार्य प्रकृया अघि बढाउने ।

४. नेपाल भौगर्भिक समाज (Nepal Geological Society) ले आयोजना गरेको ११औं एशिया क्षेत्रिय सम्मेलन (11th Asian Regional Conference) मा राष्ट्रिय योजना आयोगले सह-आयोजकको रुपमा सहभागिता जनाउने र उक्त सम्मेलन आयोजनाको क्रममा हुने खर्च मध्ये Abstract Volume तथा Conference Proceeding प्रकाशन र एक दिनको सम्मेलन हलको भाडा गरी जम्मा रु. ९,८१,७२४/- सचिवालयको विविध कार्यक्रम खर्च शिर्षकबाट व्यहोर्ने ।

५. मध्यमकालीन खर्च संरचना तयारी तथा आ.ब. २०७५/७६ को बार्षिक बजेट तयारीका सिलसिलामा यस पूर्व स्वीकृत कार्यतालिका अनुसार कार्यप्रकृया यथासिघ्र अघि बढाउन महाशाखाहरुलाई निर्देशन दिने ।